राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३२६ २०८३ असार ११ गते विहिवार (25 June 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## १२५ क्षमताको कारागारमा ३६७ कैदीबन्दी

दैनिक समाचारदाता
राजविराज, १० असार । सप्तरीस्थित कारागार कार्यालयमा क्षमताभन्दा झण्डै तीन गुणा बढी कैदीबन्दी राख्नुपर्दा व्यवस्थापनमा गम्भीर चुनौती देखिएको छ। अत्यधिक भीडका कारण कैदीबन्दीले आधारभूत सुविधा समेत सहज रूपमा पाउन नसकेको जनाइएको छ । कारागार कार्यालय सप्तरीका अनुसार कारागारको क्षमता महिला १० जना र पुरुष ११५ जना गरी कुल १२५ जना कैदीबन्दी राख्ने रहेको छ। तर हाल कारागारमा ३४२ पुरुष र २५ महिला गरी कुल ३६७ जना कैदीबन्दी रहेका छन्। यो सङ्ख्या कारागारको क्षमताभन्दा २४२ जनाले बढी हो ।

कारागार प्रशासक रूपक मण्डलका अनुसार गत जेठ महिनाको सुरुआतमा कारागारमा ३७० जना कैदीबन्दी थिए। सो अवधिमा २३ जना नयाँ कैदीबन्दी थपिएका थिए भने २७ जना रिहा भएका थिए।

चालु असार महिनाको तथ्याङ्कअनुसार स्वदेशी कैदीतर्फ २०५ पुरुष र सात महिला तथा बन्दीतर्फ १२५ पुरुष र १७ महिला गरी कुल ३५४ जना रहेका छन्। यस्तै, विदेशी कैदीतर्फ चार पुरुष र छ बन्दी गरी १० जना रहेका छन्। कारागारमा दुई बालक र एक बालिका गरी तीन जना आश्रित बालबालिका पनि बसिरहेका छन्।

कारागारमा रहेका अधिकांश कैदीबन्दी कर्तव्य ज्यान, जबरजस्ती करणी, लागुऔषध, चोरी, सवारी ज्यान तथा अन्य फौजदारी मुद्दासम्बन्धी सजाय भोगिरहेका वा पुर्पक्षका लागि थुनामा रहेका व्यक्तिहरू हुन् ।

कारागार ब्लक 'ए' का मुख्य नायक कामेश्वर यादवले क्षमताभन्दा धेरै कैदीबन्दी हुँदा आवास, स्वास्थ्य सेवा, सरसफाइ तथा दैनिक व्यवस्थापनमा ठूलो समस्या उत्पन्न भएको बताउनुभयो। उहाँका अनुसार कैदीबन्दीलाई बस्न र सुत्न पर्याप्त ठाउँ उपलब्ध गराउन समेत कठिनाइ भइरहेको छ ।

कारागार प्रशासनले बढ्दो कैदीबन्दी सङ्ख्याले कारागारको भौतिक संरचना र सेवा व्यवस्थापनमा थप दबाब सिर्जना गरेको जनाएको छ।

## छाडा पशु चौपायाको संरक्षण गरौं

*छाडा पशु चौपायाका कारणले:*

- सडक दुर्घटनाको सम्भावना बढ्छ,
- बाली तथा बोटविरुवामा क्षति पुग्छ,

*त्यसैले,*

- मानिस र पशु दुबैको जीवन जोखिममा पर्छ,
- जथाभावी फोहोरमैला विसर्जन हुँदा रोग फैलिन सक्छ,
- पशु-चौपायालाई घरमा व्यवस्थित तरिकाले राखौं,
- चरन क्षेत्रको व्यवस्थापन गरौं,
- सडकछेउमा पशु-चौपाया नछाडौं / छाड्न नदिऔं,
- छाडा पशु-चौपायाको नियन्त्रण गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# मधेशमा निजी शिक्षामा ३४ अर्बभन्दा बढी लगानी

दैनिक समाचारदाता
जनकपुरधाम, १० असार । मधेश प्रदेशमा निजी शिक्षण क्षेत्रमा ३४ अर्ब ५२ करोड रुपैयाँभन्दा बढी लगानी रहेको पाइएको छ। राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको नेपाल शिक्षण संस्था सर्वेक्षण २०८१ अनुसार निजी शिक्षाले मधेशमा हजारौंलाई रोजगारी दिनुका साथै शिक्षा क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याइरहेको छ।

सर्वेक्षणअनुसार मधेश प्रदेशमा हाल १ हजार ८९१ निजी, सामुदायिक, गुठी तथा अन्य गैरसरकारी शिक्षण संस्था सञ्चालनमा छन्। यी संस्थामा विद्यालयदेखि क्याम्पस र प्राविधिक तथा व्यावसायिक तालिम केन्द्रसमेत समावेश छन्।

तथ्यांकले मधेशका निजी शिक्षण संस्थाबाट ४० हजार ३३३ जनाले रोजगारी पाएको देखाएको छ। यो संख्या प्रदेशका अन्य धेरै क्षेत्रको रोजगारीभन्दा उल्लेखनीय मानिएको छ। निजी शिक्षामा कार्यरत शिक्षक तथा कर्मचारीमध्ये अधिकांश पूर्णकालीन रहेका छन्।

राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार देशभर निजी शिक्षण क्षेत्रमा ३ खर्ब ९ अर्ब रुपैयाँभन्दा बढी लगानी रहेकोमा मधेशको हिस्सा ३४ अर्ब ५२ करोड रुपैयाँ रहेको छ। लगानीका हिसाबले मधेश देशका प्रमुख प्रदेशमध्ये एक हो।

देशभरका निजी शिक्षण संस्थामा अध्ययनरत कुल ३७ लाखभन्दा बढी विद्यार्थीमध्ये ठूलो संख्या मधेशका संस्थाहरूमा पनि अध्ययनरत छन्। सर्वेक्षणले निजी शिक्षण संस्थाहरूले शिक्षा सेवासँगै स्थानीय स्तरमा रोजगारी सिर्जना, आर्थिक गतिविधि विस्तार तथा मानव संसाधन विकासमा महत्वपूर्ण भूमिका खेलिरहेको देखाएको छ।यद्यपि, मधेशमा शिक्षाको गुणस्तर, भौतिक पूर्वाधार, प्राविधिक शिक्षा विस्तार तथा दक्ष जनशक्ति उत्पादनमा अझै चुनौती रहेको सरोकारवालाहरूको भनाइ छ। शिक्षा क्षेत्रमा भएको लगानीलाई गुणस्तरीय शिक्षासँग जोड्न सके प्रदेशको सामाजिक तथा आर्थिक विकासमा थप योगदान पुग्ने अपेक्षा गरिएको छ।राष्ट्रिय तथ्यांक कार्यालयले २०८०/८१ लाई आधार वर्ष मानेर गरेको सर्वेक्षणले निजी शिक्षण क्षेत्र मधेशको अर्थतन्त्र र रोजगारीको महत्वपूर्ण आधारका रूपमा विकसित भइरहेको देखाएको छ।



निजी शिक्षा : गुणस्तरीय शिक्षा, रोजगारी र समृद्धिको आधार

### शिक्षामा कुन प्रदेशमा कति लगानी ?

मधेश : ३४ अर्ब ५२ करोड
कोशी : ४२ अर्ब ५१ करोड
बागमती : १ खर्ब २८ अर्ब ८४ करोड
गण्डकी : ३५ अर्ब ४३ करोड
लुम्बिनी : ४३ अर्ब ९९ करोड
कर्णाली : ५ अर्ब ४२ करोड
सुदूरपश्चिम : १८ अर्ब ४७ करोड

## पोषण सामग्री खरिदमा मन्त्रालय-निर्देशनालय टकराव

दैनिक समाचारदाता
जनकपुरधाम, १० असार । मधेश प्रदेशमा ७ करोड रुपैयाँको पोषण सामग्री खरिदलाई लिएर स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य निर्देशनालयबीच विवाद देखिएको छ। मन्त्रालयले खरिद प्रक्रिया रद्द गर्न निर्देशन दिए पनि निर्देशनालयले प्रक्रिया रोक्न नमानेपछि विषय थप चर्चामा आएको हो।

स्वास्थ्य निर्देशनालयले जेठ ७ गते बालबालिका, गर्भवती तथा सुत्केरी महिलाका लागि 'खान तयार पोषणयुक्त खाद्य सामग्री' खरिद गर्न बोलपत्र आह्वान गरेको थियो। यसका लागि प्रदेश सरकारबाट थप ९ करोड रुपैयाँसमेत उपलब्ध गराइएको थियो।

तर महालेखा परीक्षकको प्रतिवेदनमा विगतका यस्ता कार्यक्रमको प्रभावकारिता र औचित्यमाथि प्रश्न उठाइएको भन्दै स्वास्थ्य मन्त्रालयले जेठ २९ गते खरिद प्रक्रिया रद्द गर्न निर्देशन दिएको थियो। मन्त्रालयले बोलपत्रबारे थप अध्ययन आवश्यक रहेको र चालु आर्थिक वर्षभित्र प्रक्रिया पूरा गर्न समय अभाव हुने कारण देखाएको छ।


मन्त्रालयको निर्देशन आएपछि पनि स्वास्थ्य निर्देशनालयले आर्थिक प्रस्ताव खोल्ने सूचना जारी गरेको छ। यसले प्रदेश सरकारभित्रकै दुई निकायबीच समन्वय अभाव देखिएको छ।

निर्देशनालयका निर्देशक सरोज न्यौपानेले स्थानीय तहबाट आएको मागका आधारमा खरिद प्रक्रिया अघि बढाइएको बताएका छन्। उनका अनुसार प्रदेशका १३६ वटै पालिकाले पोषण सामग्री आवश्यक रहेको जानकारी दिएपछि बोलपत्र आह्वान गरिएको हो।


यता स्वास्थ्य तथा जनसंख्या मन्त्री नागेन्द्र साहले मन्त्रालयको निर्देशन नमानेर प्रक्रिया अघि बढाइएको विषयमा आफूले जानकारी पाउन नसकेको बताएका छन्। उनले यसबारे बुझेर आवश्यक निर्णय लिने बताएका छन्।

पोषण कार्यक्रमअन्तर्गत करोडौं रुपैयाँ खर्च हुँदै आए पनि त्यसको प्रभावकारिता र उपलब्धिबारे बेला-बेलामा प्रश्न उठ्ने गरेको छ। चालु आर्थिक वर्षमा मात्रै पोषण शीर्षकमा ठूलो रकम विनियोजन भएपछि यसको आवश्यकता, पारदर्शिता र परिणामबारे सरोकारवालाहरूले चासो व्यक्त गरेका छन्। मन्त्रालयको निर्देशन र निर्देशनालयको अडानले अब यो खरिद प्रक्रिया कानुनी रूपमा अगाडि बढ्छ वा रोकिन्छ भन्ने प्रश्न उठेको छ। यस घटनाले सार्वजनिक खरिदमा पारदर्शिता, जवाफदेहिता र सरकारी निकायबीचको समन्वयको विषयलाई फेरि चर्चामा ल्याएको छ।

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
- दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# आँप राजधानीको सम्भावना उत्पादनदेखि समृद्धिसम्म

मधेश प्रदेशलाई नेपालको अन्न भण्डारका रूपमा चिनिँदै आएको छ। तर पछिल्ला वर्षहरूमा मधेशले अर्को महत्वपूर्ण पहिचान पनि निर्माण गरेको छ 'आँप राजधानी'को । देशभर उत्पादन हुने कुल आँपमध्ये ७७ प्रतिशतभन्दा बढी आँप मधेश प्रदेशमै उत्पादन हुनु सामान्य तथ्य होइन। यो मधेशको उर्वर भूमि, अनुकूल जलवायु, किसानहरूको अथक परिश्रम र कृषि सम्भावनाको प्रमाण हो । तर विडम्बना के छ भने उत्पादनमा अग्रणी रहेको मधेश अझै पनि बजारीकरण, भण्डारण, प्रशोधन र निर्यातका दृष्टिले कमजोर अवस्थामा छ। यही कारणले किसानले पसिना बगाएर उत्पादन गरेको आँपको उचित मूल्य पाउन सकेका छैनन् ।

मधेश प्रदेशमा वार्षिक करिब चार लाख मेट्रिक टन आँप उत्पादन हुनु आफैँमा एउटा आर्थिक क्रान्तिको आधार हो । सिराहा, सप्तरी, रौतहट, सर्लाही, धनुषा, महोत्तरी, बारा र पर्साजस्ता जिल्लाहरू आँप उत्पादनका प्रमुख केन्द्र बनेका छन् । बम्बई, माल्दा, दसहरी, कृष्णभोग, आम्रपाली, जर्दालुजस्ता गुणस्तरीय जातका आँप यहाँ उत्पादन भइरहेका छन् । यति ठूलो उत्पादन क्षमता हुँदाहुँदै पनि किसानले प्रतिकिलो ३० देखि ५० रुपैयाँमै आँप बेच्नुपर्ने अवस्था रहनु दुःखद पक्ष हो ।

समस्या उत्पादनमा छैन, समस्या व्यवस्थापनमा छ । जब सिजनमा एकैपटक ठूलो परिमाणमा आँप बजारमा आउँछ, त्यसको मूल्य स्वतः घट्छ । किसानसँग भण्डारणको सुविधा हुँदैन,उनीहरूलाई तत्काल बिक्री गर्नुपर्ने बाध्यता हुन्छ । परिणामस्वरूप व्यापारी लाभान्वित हुन्छन् र किसान घाटामा पर्छन् । यदि कोल्ड स्टोर, आधुनिक गोदाम र प्रशोधन केन्द्रहरू पर्याप्त मात्रामा स्थापना गर्न सकियो भने सिजनपछिसम्म पनि आँपको बिक्री सम्भव हुनेछ। यसले किसानलाई उचित मूल्य दिलाउनुका साथै बजारमा मूल्य स्थिरता कायम गर्न सहयोग पुग्नेछ ।

आजको विश्वमा कृषि केवल उत्पादनमा सीमित छैन। कृषि उत्पादनलाई मूल्य अभिवृद्धि गरेर उद्योग र व्यापारसँग जोड्न सक्ने देशहरू नै सफल भएका छन्। मधेशमा पनि आँपलाई कच्चा फलको रूपमा बेच्ने परम्पराबाट माथि उठ्न आवश्यक छ। आँपबाट जुस, जाम, स्क्वास, अचार, अमोट, क्यान्डी, पाउडर लगायतका दर्जनौं उत्पादन तयार गर्न सकिन्छ। यसले नयाँ उद्योग स्थापना, रोजगारी सिर्जना र स्थानीय अर्थतन्त्रको विस्तारमा महत्वपूर्ण योगदान पुऱ्याउँछ। विशेष गरी युवाहरूलाई कृषि उद्यमशीलतामा आकर्षित गर्न यस्ता उद्योगहरू प्रभावकारी माध्यम बन्न सक्छन्।

सकारात्मक पक्ष के छ भने वैदेशिक रोजगारीबाट फर्किएका केही युवाहरू आधुनिक बगैँचा स्थापना गर्दै आँप खेतीतर्फ आकर्षित भइरहेका छन्। यो उत्साहलाई राज्यले थप प्रोत्साहन गर्नुपर्छ। सहुलियत ऋण, कृषि बीमा, प्राविधिक तालिम र बजार सुनिश्चितताजस्ता कार्यक्रममार्फत युवाहरूलाई कृषि उद्यममा जोड्न सके मधेशको कृषि क्षेत्रमा नयाँ परिवर्तन सम्भव छ।

आँप खेतीलाई पर्यटनसँग जोड्ने सम्भावना पनि उत्तिकै आकर्षक छ । विश्वका विभिन्न देशहरूमा 'एग्रो टुरिजम' सफल मोडलका रूपमा विकसित भइरहेको छ । मधेशमा पनि 'म्याङ्गो टुरिजम'को अवधारणा विकास गर्न सकिन्छ । आँपका बगैँचामा पर्यटक भ्रमण, आँप महोत्सव, स्थानीय संस्कृति र परिकारसँग जोडिएका कार्यक्रमले आन्तरिक तथा बाह्य पर्यटनलाई आकर्षित गर्न सक्छ ।

यससँगै अन्तर्राष्ट्रिय बजारको सम्भावनालाई पनि गम्भीरतापूर्वक हेर्न आवश्यक छ । नेपालमा उत्पादन हुने आँपको गुणस्तर राम्रो भए पनि निर्यातका लागि आवश्यक मापदण्ड, प्याकेजिङ, ब्रान्डिङ र प्रशोधन पूर्वाधारको अभाव छ। भारत, बङ्गलादेश, खाडी मुलुक तथा अन्य अन्तर्राष्ट्रिय बजारमा नेपाली आँपको माग सिर्जना गर्न सकिन्छ। त्यसका लागि राज्यले गुणस्तर प्रमाणीकरण, निर्यात नीति र बजार पहुँच विस्तारमा विशेष ध्यान दिनुपर्छ। निजी क्षेत्र, उद्योगी र किसानबीचको सहकार्य पनि अपरिहार्य छ ।

मधेश प्रदेश सरकारले आँप उत्पादनलाई आधुनिक, प्रविधिमैत्री र निर्यातमुखी बनाउने योजना अघि सारेको जनाएको छ। प्रशोधन केन्द्र स्थापना, भण्डारण सुविधा विस्तार तथा मूल्य अभिवृद्धि उत्पादनमा जोड दिने सरकारी प्रतिबद्धता स्वागतयोग्य छ। तर योजनाहरू कागजमै सीमित नहोस् भन्नेमा विशेष सतर्कता आवश्यक छ।

# दुईदिने बिदा कसका लागि ?



विदुर कटुवाल

अभूतपूर्व जनमत पाएसँगै जनतामा आशा जगाएको रास्वपा सरकारले गरेको दुईदिने सार्वजनिक बिदाको निर्णय विस्तारै गलत सावित हुँदै गएको छ । सरकारका समर्थकहरू यसलाई सुधारको बाटो भनिरहेका छन् । तर बिदाको कार्यान्वयन पक्ष हेर्दा भने जनतालाई सास्ती दिने अपरिपक्व निर्णय हुन पुगेको छ ।

सुरुवाती दिनहरूमा दुईदिने बिदालाई ऐतिहासिक प्रशासनिक सुधारका रूपमा प्रस्तुत गरिएको थियो । कर्मचारीलाई पर्याप्त विश्राम मिल्ने, कार्यालयको कार्यक्षमता बढ्ने, इन्धन खर्च घट्ने, पारिवारिक जीवन सुदृढ हुने तथा समग्र राज्य सञ्चालन थप व्यवस्थित बन्ने सरकारी पक्षको दाबी थियो । त्यस्ता तर्क सुन्दा नेपाल नयाँ युगमा प्रवेश गर्दैछ भन्ने लागेको थियो । आधुनिकता र मानवीय संवेदनशीलता एकसाथ अभिव्यक्त भइरहेको भान हुन्थ्यो ।

स्वाभाविक रूपमा कुनै पनि सरकारी नीतिको वास्तविक परीक्षण त्यसको घोषणाबाट हुने होइन । परिणामबाट हुने हो । घोषणा भव्य हुन सक्छ तर त्यसको मूल्याङ्कन भने जनताले भोग्ने अनुभवबाट मात्रै थाहा हुन्छ । हामी आज दुईदिने बिदाले निम्त्याएको अवस्था अस्पतालको लाइनमा उभिएका बिरामीका आँखामा देख्न सक्छौँ । विद्यालय बन्द भएपछि बालबालिकाका अभिभावकको चिन्तामा देख्छौँ ।

अझ उपचारको खोजीमा जिल्ला सदरमुकामको सरकारी अस्पताल पुग्दा सेवा बन्द भएको पाइरहेको गाउँले किसानको थकित अनुहारमा देख्न पाइन्छ । आफ्ना छोराछोरी बिदाका अधिकांश दिन मोबाइलको स्क्रिनमै हराइरहेको देखेर चिन्तित अभिभावकका दुःखमा भेटिन्छ ।

सरकार गठन भएको अब तीन महिना पुग्न लागेको छ । दुईदिने सार्वजनिक बिदा लागू भएको पनि त्यति नै समय बितिसकेको छ । यस अवधिमा प्राप्त अनुभवका आधारमा स्पष्ट भन्न सकिन्छ-दुईदिने बिदाको नीति नेपालको सामाजिक, आर्थिक र भौगोलिक यथार्थसँग मेल खाँदैन । यो अवैज्ञानिक छ । विगतमा कायम रहेका बिदा व्यवस्थाहरू नै तुलनात्मक रूपमा बढी वैज्ञानिक र व्यावहारिक थिए ।

दुईदिने बिदाको नीति लागू गर्दा नागरिकको वास्तविक अवस्था, सार्वजनिक सेवाको क्षमता, स्वास्थ्य प्रणालीको कमजोरी तथा बालबालिकाको विकासमा पर्न सक्ने प्रभावबारे पर्याप्त अध्ययन र सोचविचार गरिएको देखिँदैन । परिणामस्वरूप, एउटै नीतिले एकैपटक धेरै क्षेत्रमा नकारात्मक असर पारेको छ । अब भने यो सन्दर्भ केवल बिदाको विषय मात्र सीमित रहेन । शासन प्रणालीको प्राथमिकता र नागरिकप्रतिको उत्तरदायित्वसँग जोडिएको गम्भीर बहसको विषय बनेको छ ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने मौलिक अधिकार प्रदान गरेको छ । तर अधिकार केवल कागजमा लेखेर पूरा हुँदैन, व्यवहारमा सुनिश्चित हुनुपर्छ । आज सरकारी अस्पतालहरूको अवस्था हेर्दा संविधानको भावना र नागरिकले भोग्ने यथार्थबीच गहिरो तथा पीडादायी खाडल देखिन्छ ।

शनिबार र आइतबार सरकारी अस्पतालमा नियमित ओपीडी सेवा बन्द हुँदा सोमबारदेखि शुक्रबारसम्म अत्यधिक चाप देखिन्छ । सरकारी अस्पतालहरूमा सोमबार बिहानैदेखि 'टिकट काउन्टर' अगाडि सयौँको लाइन लाग्ने गरेको छ । वृद्धवृद्धा, गर्भवती महिला, साना बालबालिका र गम्भीर रोगीहरू घण्टौँ पालो कुर्न बाध्य छन् । कतिपय बिरामी पालो नै नपाएर फर्किन्छन् । उनीहरू उपचारभन्दा बढी झन्झटको सामना गरिरहेका छन् ।

त्यो दृश्य देख्दा प्रश्न उठ्छ-के सरकार जनताप्रति उत्तरदायी छ ? के एउटा बिरामीले बिहान चार-पाँच बजेदेखि लाइनमा उभिएर दिनभर समय बिताउनुपर्ने अवस्था सभ्य राज्यको संकेत हो ? वा यसले नागरिकप्रति सरकारको जिम्मेवारीबोध कति कमजोर छ भन्ने देखाउँछ ?

दुईदिने बिदाको निर्णय गर्दै गर्दा सरकारले एउटा आधारभूत प्रश्न सोध्नुपर्ने थियो । नेपालको स्वास्थ्य प्रणालीको वास्तविक अवस्था के छ ? जनसंख्याको अनुपातमा चिकित्सकको उपलब्धता कति छ ? ग्रामीण क्षेत्रमा विशेषज्ञ चिकित्सकको पहुँच कस्तो छ ? सरकारी अस्पतालमा जनशक्ति र उपकरणको अवस्था कस्तो छ ? सरकारी अस्पतालमा स्वास्थ्यकर्मी र कर्मचारीको प्रवृत्ति कस्तो छ ? यस्ता प्रश्नहरूको उत्तर खोजिएन । त्यस्ता सवालमा कुनै पनि अध्ययन नै भएन ।

सरकारी अस्पतालका विगतमा भएका हजारौँ समस्या आज पनि ज्युँका त्युँ छन् । ती समस्या समाधान गर्न सरकारले कुनै कदम चालेन । यस्तो अवस्थामा सेवा दिने दिन घटाएर नागरिकको स्वास्थ्य अधिकार सुनिश्चित गर्न सकिँदैन । अझ गम्भीर कुरा त के छ भने, यो नीतिले स्वास्थ्य क्षेत्रमा कस्तो प्रभाव पारिरहेको छ भन्ने कुनै वैज्ञानिक सार्वजनिक मूल्याङ्कन भएको छैन ।सरकारी अस्पतालहरू उपचारका केन्द्र बने कि बिरामी निजी अस्पतालतर्फ धकेलिँदै छन् ? सरकारी अस्पताल बन्द हुँदा निजी अस्पतालमा उपचार गराउन नसक्ने बिरामीको अवस्था के भयो ? यी प्रश्नहरूको उत्तर कसैले खोजेको देखिँदैन ।

नेपालको स्वास्थ्य प्रणाली अझै अत्यधिक रूपमा केन्द्रीकृत छ । अधिकांश विशेषज्ञ सेवा देशका ठूला सरकारी अस्पतालमै सीमित छन् । जिल्ला अस्पताल तथा सदरमुकामका अस्पतालहरू सीमित जनशक्ति र स्रोतसाधनका भरमा सञ्चालन भइरहेका छन् । त्यसकारण गाउँका गम्भीर बिरामी अन्ततः ठूला सहरका अस्पताल खोज्दै सहर पस्न बाध्य छन् ।

बिरामीका लागि त्यो यात्रा शारीरिक, मानसिक र आर्थिक तीनै दृष्टिले पीडादायी हुन्छ । उपचार खोज्दै हिँडेको बिरामी झन् बिरामी बन्नुपर्ने अवस्था छ । त्यसमाथि सरकारी अस्पतालकै चिकित्सकहरूले बिरामीलाई निजी अस्पतालतर्फ पठाउने र कमिसन लिने पुरानो प्रवृत्ति अझै अन्त्य भएको छैन । थप बिदाले त्यो अवस्थालाई झन् सहज बनाइदिएको छ ।

कल्पना गरौँ-नेपालको दुर्गम पहाडी क्षेत्रबाट काठमाडौंको सरकारी अस्पतालमा बिरामी ल्याउनु एउटा परिवारका लागि कति ठूलो बोझ हुन्छ ? यातायात खर्च, बसोबास खर्च, खानपान खर्च । यी सबै जोड्दा लाखौँ रुपैयाँ खर्च हुन सक्छ । तर त्यसमाथि अस्पताल बन्द हुने वा अत्यधिक भीडका कारण थप दिन कुर्नुपर्ने अवस्था आएमा त्यो अतिरिक्त भार कसले बेहोर्छ ?

काठमाडौंका मध्यमवर्गीय परिवारका लागि केही दिनको अतिरिक्त खर्च असुविधाजनक हुन सक्छ तर विनाशकारी भने हुँदैन । तर दैनिक ज्यालादारी गरेर परिवार पाल्ने किसान, मजदुर वा निम्न आय भएका परिवारका लागि प्रत्येक अतिरिक्त दिन आर्थिक विपत्ति हो ।

यही कारण सार्वजनिक स्वास्थ्य सेवा कमजोर हुँदा सम्पन्न वर्ग निजी अस्पताल जान्छ । महँगो उपचार उनीहरूका लागि सम्भव हुन्छ । तर निम्न आय भएका परिवार ऋणमा डुब्छन् । कतिपयले जग्गाजमिन नै बेच्नुपर्छ । कतिपयले वैदेशिक रोजगारीमा रहेका आफन्तसँग सहयोग माग्नुपर्छ । यसरी एउटा बिरामीले परिवारलाई आर्थिक रूपमा सखाप बनाउने जोखिम बोकेको हुन्छ ।

### *शिक्षा क्षेत्र*

यता शिक्षा क्षेत्रको समस्या पनि गम्भीर बन्दै गएको छ । दुईदिने बिदाको अर्को दीर्घकालीन असर शिक्षा क्षेत्रमा देखिन थालेको छ । विद्यालय बन्द हुँदा बालबालिकाले सिर्जनात्मक गतिविधि, खेलकुद, पुस्तक अध्ययन वा परिवारसँग गुणस्तरीय समय बिताउनुपर्ने हो । तर नेपालको सामाजिक यथार्थ यसको ठीक विपरीत भइरहेको छ ।

पहिले आइतबारदेखि शुक्रबारसम्म विद्यालय सञ्चालन भएर शनिबार मात्र बिदा हुने व्यवस्था थियो । त्यो एकदिने बिदा तुलनात्मक रूपमा वैज्ञानिक देखिन्थ्यो । अहिले शनिबारसँगै आइतबार पनि बिदा हुँदा धेरै बालबालिकाको समय टिकटक, युट्युब, फेसबुक, इन्स्टाग्राम र अनलाइन गेममा बित्न थालेको छ ।

प्रविधि समस्या होइन । समस्या यसको अनियन्त्रित र उद्देश्यहीन प्रयोग हो । डिजिटल प्रविधि आधुनिक शिक्षाको महत्त्वपूर्ण माध्यम हो । तर अध्ययनका लागि प्रयोग हुनुपर्ने उपकरण मनोरञ्जन र लतको साधन बन्दै गएको छ । सरकारले बिदाका दिनमा बालबालिकाका लागि वैकल्पिक सिर्जनात्मक अवसरहरू विकास गर्नुपर्थ्यो । सामुदायिक खेलकुद कार्यक्रम, पुस्तकालय पहुँच, सिकाइसम्बन्धी गतिविधि र सामाजिक सहभागिताका कार्यक्रम सञ्चालन गरिनुपर्थ्यो । तर यथार्थ त्यस्तो छैन ।

विद्यार्थीको ध्यान केन्द्रित गर्ने क्षमता घट्दै गएको गुनासो आउन थालेको छ । छोटा भिडियोको संस्कृतिले धैर्यपूर्वक अध्ययन गर्ने बानी कमजोर बनाइरहेको छ । जटिल विषयमाथि सोच्ने, विश्लेषण गर्ने र निष्कर्ष निकाल्ने क्षमता खस्किँदै गएको छ । यो केवल आजको समस्या होइन, भविष्यको नेपालको बौद्धिक क्षमतामाथिको चुनौती हो ।

आजको पुस्ता इतिहासकै सबैभन्दा बढी डिजिटल सामग्रीसँग जोडिएको पुस्ता हो । यसमा अवसर र खतरा दुवै छ । सामाजिक सञ्जाल कम्पनीहरूको उद्देश्य शिक्षा होइन, प्रयोगकर्तालाई सकेसम्म लामो समय आफ्नो प्लेटफर्ममा राख्नु हो । उनीहरू सूचना पाइरहेका छन् । तर ज्ञान आर्जन गरिरहेका छैनन् । सम्पर्कमा छन् तर गहिरो सम्बन्धबाट टाढिँदै गएका छन् । व्यस्त देखिन्छन् तर उत्पादनशील बन्न सकेका छैनन् ।

नेपालमा डिजिटल साक्षरताको चर्चा धेरै हुन्छ । डिजिटल अनुशासनको चर्चा कम हुन्छ । मोबाइल किन्न सजिलो छ । त्यसको स्वस्थ प्रयोगको संस्कृति विकास गर्न कठिन छ । अभिभावक र विद्यालयहरूले यो चुनौती महसुस गरिरहेका छन् । तर राज्यले यसलाई नीतिगत प्राथमिकतामा राखेको देखिँदैन ।

### *बिदा र सरकार*

दुईदिने बिदाको बहसभन्दा ठूलो प्रश्न आज उब्जिएको छ-सरकार कसका लागि ? राज्यको प्राथमिकता नागरिक हुन् कि कर्मचारीतन्त्र ? यदि नीति निर्माणको केन्द्रमा नागरिक हुन्थे भने दुईदिने बिदा लागू गर्नुअघि अस्पताल, विद्यालय, सार्वजनिक सेवा र अर्थतन्त्रमा पर्ने प्रभावको गहिरो अध्ययन गर्नुपर्थ्यो ।

स्वास्थ्य सेवा प्रभावित नहुने व्यवस्था सुनिश्चित गरिन्थ्यो । बालबालिकाको बिदा उत्पादनशील बनाउने कार्यक्रम ल्याइन्थ्यो । ग्रामीण नागरिकका लागि सेवा पहुँच थप सहज बनाइन्थ्यो ।

तर व्यवहार नितान्त फरक भयो । बिदाको घोषणा गरियो, कर्मचारीलाई सुविधा मिल्यो, तर नागरिकका लागि वैकल्पिक व्यवस्था के हो भन्ने प्रश्न अनुत्तरित रह्यो । यसले एउटा गम्भीर प्रवृत्ति उजागर गर्छ । नेपालको शासन प्रणाली क्रमशः नागरिककेन्द्रितभन्दा कर्मचारीकेन्द्रित बन्दै गएको छ । सार्वजनिक प्रशासनको उद्देश्य नागरिकलाई सेवा भए तापनि जब सेवा प्रवाहभन्दा कार्यालयको सुविधा ठूलो विषय बन्छ, त्यहाँ शासनको मूल उद्देश्य नै विचलित हुन्छ ।

*साभार: रातोपाटीडटकम*

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# हरेक व्यवसाय मानव अधिकारमैत्री हुनुपर्छ: न्यायाधीश फुयाँल

काठमाडौँ, १० असार । सर्वोच्च अदालत न्यायाधीश हरिप्रसाद फुयाँलले हरेक व्यवसाय मानव अधिकारमैत्री तवरले सञ्चालन गर्नुपर्ने बताउनुभएको छ ।

राष्ट्रिय मानवअधिकार आयोगले आज आयोजना गरेको 'व्यवसाय र मानवअधिकार सम्बन्धी राष्ट्रिय संवाद' मा उहाँले व्यवसाय गर्दा उत्पन्न हुने मानवअधिकार जोखिमप्रति जिम्मेवारी सञ्चालकले लिनुपर्ने बताउनुभयो ।




"नियामक निकायले निष्पक्ष र सक्षम अनुगमन गर्नुपर्छ, प्रभावित व्यक्ति वा समुदायले आफ्नो कुरा राखे र उपचार पाउने वास्तविक अवसर पाउनुपर्छ", उहाँले भन्नुभयो, "अधिकार प्रभावित भएमा न्यायपालिका स्वतन्त्र, निष्पक्ष र प्रभावकारी रूपमा संवैधानिक संरक्षणको आधार बन्नुपर्छ ।"

न्यायाधीश फुयाँलले व्यापार व्यवसाय र मानव अधिकारको मूल प्रत्र आर्थिक गतिविधि आयक कि छैन भन्ने नभई आर्थिक गतिविधि संविधान, मानव गरिमा, सामाजिक न्याय, वातावरणीय दायित्व र विधिको शासनसँग कसरी मेल खान्छ विषयलाई ध्यानमा राख्नुपर्ने भनाइ राख्नुभयो ।"विकास, मानव जीवन, अन्य प्रजाति, वातावरण र पर्यावरणप्रति राज्य र निजी क्षेत्रको दायित्व स्थापित गर्नु हो, उद्योग, व्यवसाय, व्यापार यी दायित्वबाट निरपेक्ष छैन", उहाँले थप्नुभयो, "नाफा उत्तरदायित्व र जिम्मेवारी बेगर अब सम्भव छैन, यस प्रयोजनका लागि राज्यले प्रभावकारी संरक्षणकारी संरचना निर्माण गर्नुपर्छ ।"

न्यायाधीश फुयाँलले न्यायको खोज अदालतको ढोकामा मात्र सुरु हुनु नहुने भन्दै न्याय व्यावसायिक निर्णयमा, कार्यस्थलको व्यवहारमा, उपभोक्तासँगको सम्बन्धमा, परियोजनाको प्रारम्भिक अध्ययनमा, वातावरणीय मूल्याङ्कनमा, समुदायसँगको संवादमा र राज्यको नियामकीय अभ्यासमा सुरुदेखि नै उपस्थित हुनुपर्नेमा जोड दिनुभयो ।

"विकासको आर्थिक विकास, लगानी प्रवर्धन, उद्यमशीलता र उत्पादनशीलता राज्यको समृद्धिका अपरिहार्य आधार हुन्, हामी विकासलाई प्रायः देखिनसक्ने भौतिक उपलब्धिसँग जोड्छौँ", उहाँले जोड्नुभयो, "बनेका सडक, उठेका भवन, बगेको बिजुली, खुलेका उद्योग, बढ्दो लगानी र सिर्जना भएका रोजगारीबाट मापन गर्ने गर्छौं, यी सबै विकासका महत्त्वपूर्ण सूचकहरू हुन्, तर विकासको वास्तविक मुल्याङ्कन केबल लगानीको आकार, उत्पादनको परिणाम, निर्यातको तथ्याङ्क वा पूर्वाधारको विस्तारबाट हुन सक्दैन ।"

उहाँले विकासको मानवीय आयाम पनि उत्तिकै महत्त्वपूर्ण भएको र मानवीय आयाम दिनहुँ उद्योग व्यवसायमा श्रम गर्ने श्रमिक र उसका श्रम अधिकारसँग जोडिएको हुने धारणा राख्नुभयो ।

"यो बजारबाट दैनिक उपभोगका वस्तु वा सेवा खरिद गर्ने उपभोक्ताको हितसँग जोडिएको हुन्छ, त्यो नदी किनार, वनक्षेत्र वा आयोजना प्रभावित भूगोलमा बस्ने परिवारको हकअधिकारसँग जोडिएको हुन्छ", उहाँले भन्नुभयो, "आर्थिक विकासलाई मानवअधिकार, वातावरण र सामाजिक न्यायसँग एकीकृत रूपमा अघि बढाउनुपर्ने मान्यता स्थापित गरेको छ ।"

न्यायाधीश फुयाँलले आर्थिक उपलब्धि र मानव गरिमाबिच सन्तुलन कायम गर्न नसक्ने विकास दिगो हुन नसक्ने भन्दै सामाजिक स्वीकृति, विधिको शासन र न्यायपूर्ण वितरणबाट अलग भएको आर्थिक प्रगति अन्ततः विवाद, अविश्वास र असमानताका कारण बन्नसक्नेतर्फ ध्यान दिनुपर्ने बताउनुभयो ।

राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले व्यवसाय सञ्चालन गर्दा नागरिकको हकअधिकारको रक्षा गर्नुका साथै बाँच्न पाउने अधिकारको रक्षा गर्नुपर्ने बताउनुभयो । उहाँले व्यवसाय सञ्चालन गर्दा मानव अधिकारको पाटोलाई मुख्य रूपमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो । युवा, श्रम तथा रोजगार मन्त्रालयका सचिव डा. दीपक काफ्लेले व्यवसायलाई मानवअधिकारमैत्री बनाउन सुरक्षित कार्यस्थल, सामान ज्याला, सम्मान र सामाजिक सुरक्षाजस्ता विषयलाई ध्यान दिनुपर्ने बताउनुभयो ।

सरकारले वैदेशिक रोजगारी गएकालाई मर्यादित ज्याला, सम्मानपूर्वक बाँच्न पाउने वातावरण सिर्जना गरेको र अप्ठ्यारोमा परेकालाई उद्धार गर्ने गरेको बताउनुभयो ।

सचिव काफ्लेले सरकारले छिट्टै राष्ट्रिय युवा ऐन ल्याउन लागेको जानकारी दिँदै उहाँले सरोकारवाला सबैसँग छलफल गरेर त्यसलाई निष्कर्षमा पुऱ्याउने भनाइ राख्नुभयो ।

राष्ट्रिय मानवअधिकार आयोगका सचिव मुरारीप्रसाद खरेलले व्यवसाय र मानवअधिकार सम्बन्धी कार्ययोजनाका विषयमा सङ्घ, प्रदेश र ७५३ स्थानीय तहबाट आयोगले अनुमगन गरी प्रतिवेदन लिइरहेको र सरोकारवाला पक्षसँग पनि छलफल गर्ने जानकारी दिनुभयो । रासस

# तीन महिनामा एक लाख ८१ हजार नयाँ मतदाता थपिए



काठमाडौँ, १० असार । स्थानीय तह निर्वाचनको पूर्वतयारी थालेको निर्वाचन आयोगले बितेका तीन महिनामा एक लाख ८१ हजार ३६७नयाँ मतदाता थपिएका बताएको छ । पछिल्लो प्रतिनिधिसभा निर्वाचनपछि ती मतदाता थपिएका हुन् । उक्त निर्वाचनपछि १८ हजार छ सय २२ वटा मतदाता नामावली अद्यावधिकका लागि निवेदन प्राप्त भएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो । गत प्रतिनिधिसभा निर्वाचनमा एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता कायम थिए ।

आयोगले आगामी स्थानीय तहको निर्वाचनको तयारीका लागि मतदाता नामावली अद्यावधिक, मतदान स्थल तथा मतदान केन्द्र पुनर्वलोकन लगायत कार्य सञ्चालन गरिरहेको उहाँले बताउनुभयो ।

स्थानीय तह निर्वाचनको तयारी सम्बन्धमा यही असार ४ गतेको राष्ट्रिय सभाको राष्ट्रिय समावेशीकरणको सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको बैठकमा आयोगका पदाधिकारीसँग छलफल भएको थियो ।

निर्वाचन हुने निर्धारित मितिभन्दा कम्तीमा छ महिना अगावै निर्वाचन घोषणा, समयमा आवश्यक बजेट उपलब्ध गराउने, आयोग तथा मातहतका निकायका रिक्त पद पूर्ति, मतदाता नामावली व्यवस्थापन प्रणाली स्तरोन्नति, आधुनिक उपकरणबाट मतपत्र छाप्ने तथा गलत सूचना प्रवाह हुन नदिन प्रभावकारी संयन्त्र विकास विषयमा सुझावहरू प्रस्तुत भएका थिए । रासस

# खैरो हेरोइनसहित युवक पक्राउ

दैनिक समाचारदाता

महोत्तरी, १० असार । धनुषाको मिथिला नगरपालिका क्षेत्रबाट खैरो हेरोइनसहित एक युवक पक्राउ परेका छन्।

लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय बर्दिबास र इलाका प्रहरी कार्यालय ढल्केबरको संयुक्त टोलीले विशेष सूचनाका आधारमा सञ्चालन गरेको चेकजाँचका क्रममा २३ वर्षीय विजय यादवलाई पक्राउ गरेको हो। प्रहरीका अनुसार मिथिला नगरपालिका-७ स्थित पूर्वपश्चिम राजमार्गमा ढल्केबरबाट बर्दिबासतर्फ आउँदै गरेको ज.१३ प. १३२८ नम्बरको मोटरसाइकल रोकेर जाँच गर्दा चालक यादवको साथबाट खैरो हेरोइन बरामद गरिएको थियो।

जाँचका क्रममा यादवले लगाएको पाइन्टको दाहिने खल्तीमा लुकाएर राखेको अवस्थामा खैरो हेरोइनजस्तो देखिने पदार्थ फेला परेको प्रहरीले जनाएको छ। बरामद पदार्थको तौल प्लास्टिकसहित ९.०५ ग्राम र प्लास्टिकबाहेक ८ ग्राम ४४० मिलिग्राम रहेको बताइएको छ।

लागुऔषधसहित पक्राउ परेका यादवलाई थप अनुसन्धान तथा कानुनी कारबाहीका लागि इलाका प्रहरी कार्यालय ढल्केबरमा राखिएको प्रहरीले जनाएको छ।

प्रहरीले पछिल्लो समय पूर्वपश्चिम राजमार्ग तथा बिपी राजमार्ग क्षेत्रमा लागुऔषध ओसारपसार र कारोबार नियन्त्रण गर्न निगरानी तथा चेकजाँचलाई थप कडा बनाइएको जनाएको छ।

# युवक पक्राउ

दैनिक समाचारदाता

काठमाडौं, १० असार । सामाजिक सञ्जालमार्फत एक महिलाको चरित्र हत्या गरेको आरोपमा १९ वर्षीय युवक पक्राउ परेका छन्।




प्रहरीको केन्द्रीय साइबर ब्यूरोका अनुसार पक्राउ पर्नेमा रौतहट घर भई काठमाडौंको चन्द्रागिरीमा बस्दै आएका विज्ञान राज शर्मा तिमलसिना रहेका छन्।

उनले एक महिलाको नग्न भिडियो डिस्कर्ड र टेलिग्राममार्फत सार्वजनिक गरेको आरोपमा पक्राउ गरिएको प्रहरीले जनाएको छ। घटनाबारे थप अनुसन्धानका लागि काठमाडौं जिल्ला अदालतबाट चार दिनको म्याद लिएर अनुसन्धान प्रक्रिया अगाडि बढाइएको साइबर ब्यूरोले जनाएको छ।

# कक्षा १२ को परीक्षामा मिट क्याम्पसका ४० विद्यार्थी उत्कृष्ट

दैनिक समाचारदाता

जनकपुरधाम १० असार । जनकपुरधामको शैक्षिक क्षेत्रमा आफ्नो पहिचान स्थापित गर्दै आएको मिथिला इन्स्टिच्युट अफ टेक्नोलोजी (मिट) क्याम्पसले राष्ट्रिय परीक्षा बोर्डद्वारा सञ्चालित कक्षा १२ को परीक्षामा उल्लेखनीय सफलता हासिल गरेको जनाएको छ । क्याम्पसका अनुसार विज्ञान, वाणिज्य र कानून संकायका करिब ४० जना विद्यार्थीले उत्कृष्ट ग्रेड प्राप्त गरेका छन्, जसले संस्थाको शैक्षिक गुणस्तर र निरन्तरको मेहनतलाई प्रतिबिम्बित गरेको छ ।



क्याम्पसका प्राचार्य मनोज साहले शैक्षिक सत्र २०८२ को परीक्षाफल उत्साहजनक रहेको जानकारी दिँदै विद्यार्थी, अभिभावक तथा शिक्षकको सामूहिक प्रयासका कारण यस्तो उपलब्धि सम्भव भएको बताए । उनका अनुसार विज्ञान, वाणिज्य र कानून तीनै संकायका विद्यार्थीले उत्कृष्ट प्रदर्शन गरेका छन् र धेरैले ए-प्लस (+२) सहित उच्च ग्रेड हासिल गरेका छन्।

यस वर्षको नतिजामा संस्कृति भट्टराई विज्ञान संकायमा, रेशव कुमार साह वाणिज्य संकायमा तथा विनिता दास कानून संकायमा उत्कृष्ट विद्यार्थीका रूपमा उभिएका छन् । उनीहरूसहित अन्य धेरै विद्यार्थीले पनि उच्च अंकसहित सफलता हासिल गरेका छन् ।

प्राचार्य साहले विगतमा पनि क्याम्पसले उल्लेखनीय उपलब्धि हासिल गरेको स्मरण गराउँदै, यसअघि माध्यमिक शिक्षा परीक्षा (एसईई) मा समेत धनुषा जिल्लामा उत्कृष्ट नतिजा ल्याउन सफल भएको बताए । उनका अनुसार नियमित अध्ययन, दक्ष शिक्षक, अनुशासित शैक्षिक वातावरण र विद्यार्थी-केन्द्रित सिकाइ प्रणालीले सकारात्मक परिणाम दिएको हो । शिक्षाविद्हरूका अनुसार विद्यालय वा क्याम्पसको वास्तविक सफलता तब मापन हुन्छ, जब त्यहाँबाट अध्ययन गरेका विद्यार्थीले ज्ञान, सीप, नैतिकता र जिम्मेवार नागरिकको रूपमा समाजमा सकारात्मक योगदान दिन्छन् । त्यस अर्थमा, मिट क्याम्पसको यो उपलब्धि केवल संस्थाको मात्र नभई समग्र जनकपुरधामको शैक्षिक विकासका लागि पनि प्रेरणादायी मान्न सकिन्छ ।



- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्गजैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# मिस नेपाल २०२६ का उत्कृष्ट २४ प्रतियोगी घोषणा



दैनिक समाचारदाता
काठमाडौं १० असार । 'मिस नेपाल २०२६' प्रतियोगिताका उत्कृष्ट २४ जना फाइनलिस्ट सार्वजनिक गरिएको छ। राजधानीमा आयोजित स्यास सेरेमोनीमा प्रतियोगीहरूलाई आधिकारिक स्यास र प्रतियोगी नम्बर प्रदान गरिएको हो।

कार्यक्रममा आयोजक संस्था द हिडन टूजरका अध्यक्ष, निर्देशक तथा पूर्व मिस नेपालहरूले फाइनलिस्टलाई स्यास र नम्बर वितरण गरेका थिए। सो अवसरमा प्रतियोगीहरूले आफ्नो परिचय दिँदै रुचि र लक्ष्यबारे जानकारी गराएका थिए।

कार्यक्रममार्फत मिस नेपाल २०२६ को औपचारिक सुरुवात भएको आयोजकले जनाएको छ। संस्थाका निर्देशक प्रमोद कंशाकारका अनुसार छनोट भएका प्रतियोगीहरूलाई आगामी दिनमा व्यक्तित्व विकास, नेतृत्व क्षमता तथा विभिन्न सीपसम्बन्धी विशेष प्रशिक्षण दिइनेछ।

यस वर्षको मिस नेपालको मुख्य नारा 'टप अफ द वर्ल्ड' रहेको छ। विश्वको सर्वोच्च शिखर :यगलत भ्खभचभकत लाई प्रतीक बनाएर तयार पारिएको यस विषयवस्तु अन्तर्गत उद्घाटन समारोहमा हिमाली आदिवासी समुदायको पहिरन प्रस्तुत गरिएको थियो।

मिस नेपाल २०२६ का फाइनलिस्टहरूमा इशा सुवेदी, प्रनिशा खनाल, युक्ता पौडेल, अंशु कुँवर, संगीता पौडेल, श्रद्धा अधिकारी, काशिश सुब्बा, मानश्वी शर्मा, सुष्मा भण्डारी, प्रतीक्षा आचार्य, आर्या निशान्त, आयुष्मा केसी, शितांशु ढकाल, प्रतिमा खड्का, प्रेमा लामगाडे, महिमा पन्त, दीपमाला ढकाल, सेजा श्रेष्ठ, विभुषा बस्नेत, स्वीकृति ज्ञवाली, चाँदनी श्रेष्ठ, श्रीयांशी श्रेष्ठ, अर्विशा थापा र रचना भट्टराई रहेका छन्।

आयोजकका अनुसार आगामी चरणका विभिन्न प्रशिक्षण र मूल्यांकनपछि अन्तिम प्रतिस्पर्धा आयोजना गरिनेछ ।

# वीरगञ्ज महानगरपालिकाले ल्यायो चार अर्ब ४२ करोड बजेट

दैनिक समाचारदाता
जनकपुरधाम, १० असार । मधेश प्रदेशको एक मात्र महानगरपालिका वीरगञ्ज महानगरले आगामी आर्थिम वर्ष २०८३/०८४ को लागि झण्डै साढे ४ अर्बको बजेट ल्याएको छ।



आज भएको २० औं नगरसभामा महानगरले शिक्षा स्वास्थ्य सेवा, सरसफाई, कृषि ,पर्यटन र उद्योग, गुणस्तरीय भौतिक पूर्वाधार तथा प्रविधिलाई समेटेर चार अर्ब ४२ करोड ३४ लाख ६९ हजार रुपैयाँको अनुमानित बजेट प्रस्तुत गरेको छ ।

महानगरका कार्यवाहक मेयर इम्तियाज आलमका तर्फबाट नगरकार्यपालिका सदस्य जगत साह कानुले आगामी आर्थिक वर्षका लागि अनुमानित आयव्ययसहितको बजेट प्रस्तुत गरेका हुन् ।

महानगरले ल्याएको अनुमानित बजेट चालु आर्थिक वर्षको तुलनामा झण्डै १ अर्ब १९ करोड बढीको हो । चालु आर्थिक वर्षका लागि वीरगन्ज महानगररले तीन अर्ब २२ करोड ४८ लाख ४९ हजार रुपैयाँको बजेट ल्याएको थियो ।

आगामी आर्थिक वर्षको बजेटमा चालू खर्चतर्फ दुई अर्ब ४० करोड ३४ लाख ६९ हजार अर्थात् कूल बजेटको ५४.३ प्रतिशत, पुँजीगत खर्चतर्फ १ अर्ब ९६ करोड ९९ लाख ८४ हजार अर्थात् कूल बजेटको ४४.६ प्रतिशत हो । यस्तै वित्तीय व्यवस्थापनतर्फ पाँच करोड अर्थात् १.१ प्रतिशत रहेको उल्लेख छ ।

आगामी आर्थिक वर्षको बजेटमा अनुमानित खर्च व्यहोर्ने स्रोतहरुमा संघीय अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट १ अर्ब ९८ करोड २९ लाख, आन्तरिक राजश्वबाट १ अर्ब ४८ करोड,संघीय राजश्व बाँडफाँटबाट २४ करोड ६८ लाख ८३ हजार, प्रदेश अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट पाँच करोड २८ हजार, प्रदेश राजस्व बाँडफाँटबाट १ करोड ६७ लाख १४ हजार, घरजग्गा रजिष्ट्रेशन शुल्क बापत ४५ करोड र गत वर्षको नगद मौज्दातबाट चार करोड ६९ लाख ४४ हजार तथा नगर विकास कोषबाट १५ करोड व्यहोरिने उल्लेख छ ।

# अब प्रहरीको तलब पनि १५ दिनमा

दैनिक समाचारदाता
काठमाडौं १० असार । नेपाल प्रहरीले पनि अब १५/१५ दिनमा तलब पाउने भएका छन् ।
प्रहरी प्रधान कार्यालयले सोमबार बजेट सञ्चालन गर्ने सबै प्रहरी कार्यालयलाई पत्राचार गर्दै अर्ध



मासिक रूपमा १५ दिनमा तलब दिन भनेको छ ।
प्रशासन विभागका डीआईजी हिमालयकुमार श्रेष्ठद्वारा हस्ताक्षरित परिपत्रमा भनिएको छ, 'अर्थमन्त्रीस्तरको ४ वैशाखको निर्णय र महालेखा नियन्त्रक कार्यालयको २१ वैशाखको पत्रअनुसार आगामी आर्थिक वर्षदेखि राष्ट्रसेवक कर्मचारीलाई हरेक महिनाको १५ दिन व्यतित पश्चात अर्धमासिक रूपमा तलब भत्ता भुक्तानी गर्न प्रणालीमा आवश्यक व्यवस्था मिलाइएको व्यहोरा पत्र प्राप्त हुन आएको हुँदा सोही बमोजिम कार्यान्वय गर्न अनुरोध गरिएको छ ।'

# दलित सशक्तीकरणका लागि राज्य प्रतिबद्ध : मन्त्री दास

दैनिक समाचारदाता
जनकपुरधाम, १० असार । मधेश प्रदेश सरकारका खेलकुद तथा समाज कल्याण मन्त्री लखन दास तत्माले दलित समुदायको सामाजिक, आर्थिक तथा शैक्षिक सशक्तीकरणका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।
दलित समुदायको हक, अधिकार, सशक्तीकरण तथा सामाजिक चेतना अभिवृद्धि गर्ने उद्देश्यले आयोजित दलित सशक्तीकरण तथा जागरण अभियानलाई सम्बोधन गर्दै उहाँले सो कुरा बताउनु भएको हो । उहाँले समाजमा अझै विद्यमान विभेद, छुवाछुत तथा असमानताको अन्त्य गरी सबै नागरिकलाई समान अवसर सुनिश्चित गर्न आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो । दलित समुदायको समग्र उत्थानका लागि राज्यका सबै निकाय, राजनीतिक दल, नागरिक समाज



तथा सरोकारवाला पक्षबीच समन्वय र सहकार्य अपरिहार्य रहेको उहाँले औल्याउनुभयो । कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधि, जनप्रतिनिधि, समाजसेवी, बुद्धिजीवी, युवा तथा स्थानीयवासीहरूको उल्लेखनीय सहभागिता रहेको थियो। सहभागीहरूले दलित समुदायमाथि हुने विभेद र सामाजिक बहिष्करण अन्त्य गर्न व्यापक जनचेतना आवश्यक रहेकोमा जोड दिएका थिए। अभियानअन्तर्गत सामाजिक जागरण, संवैधानिक अधिकार, शिक्षा, रोजगारी, आत्मनिर्भरता तथा समावेशी विकासका विषयमा छलफल गरिएको थियो। वक्ताहरूले दलित समुदायको सम्मानजनक जीवनयापन, समान अवसर र सामाजिक न्याय सुनिश्चित गर्न सबै पक्षले साझा जिम्मेवारीका साथ काम गर्नुपर्ने बताएका थिए। सहभागीहरूले यस्ता अभियानले दलित समुदायमा आत्मविश्वास वृद्धि गर्नुका साथै अधिकारप्रति सचेतना फैलाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेका छन्।

# देशभर एक लाख ३७ हजार हेक्टर जमिन रोपाइँ

काठमाडौं, १० असार । देशभर एक लाख ३७ हजार हेक्टर जमिन रोपाइँ भएको छ ।
कृषि विभागले देशभर करिब १० प्रतिशत धान रोपाइँ भएको जनाएको हो । गत वर्षको तुलनामा रोपाइँ ०।४ प्रतिशतले बढेको छ ।
मुलुकभर करिब १३ लाख ८१ हजार हेक्टर जमिनमा रोपाइँ हुने गर्दछ । यही असार ८ गतेसम्म सबैभन्दा बढी कर्णाली प्रदेशमा २२।८ प्रतिशत र बागमती प्रदेशमा २।३ प्रतिशत रोपाइँ भएको छ ।
मधेस प्रदेशमा करिब पाँच प्रतिशत मात्र रोपाइँ भएको छ ।



धान उत्पादन तथा क्षेत्रफलका हिसाबले तराई क्षेत्र उपयुक्त मानिन्छ । सो क्षेत्रबाट धानको उत्पादकत्व वृद्धि भई कुल उत्पादनको ७० प्रतिशत योगदान रहेको छ भने पहाडी क्षेत्रमा ३० प्रतिशत उत्पादन हुने गरेको छ । विभागका महानिर्देशक प्रकाशकुमार संजेलका अनुसार मनसुन अलि ढिला सक्रिय भएकाले रोपाइँका लागि देशका अधिकांश ठाउँमा आवश्यक वर्षा हुन सकेको छैन ।
मौसमको प्रतिकूलता, प्राकृतिक विपद्, अतिवृष्टि तथा अनावृष्टि, मलको समस्याले कतिपय क्षेत्रमा ढिलो रोपाइँ हुने गरेको छ । कृषि सूचना केन्द्रले कृषि उत्पादन बढाउन पछिल्लोपटक विकास भएका ज्ञान, सीप, प्रविधि प्रयोग, मनसुनका अवस्थासम्बन्धी जानकारी दिँदै आएको छ । रासस

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२,
९८५४०२५१६४

## जिल्ला प्रशासन कार्यालय धनुषा

## द्वारा जारी सूचना

उप्रान्त जिल्ला धनुषा गणेशमान चारनाथ नगरपालिका वडा नं. ५ बस्ने राम चन्द्र महतो तथा स्व. पूर्णी देवी महतोको छोरा चन्द्र प्रकाश महतो र राम दुलार महतोले अंगीकृत नागरिकता प्रमाण-पत्र पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा चन्द्र प्रकाश महतो र राम दुलार महतोको बुवा राम चन्द्र महतो तथा आमा स्व. पूर्णी देवी महतो हो, होइन? निजहरुलाई अंगीकृत नागरिकता प्रमाण पत्र दिएमा फरक पर्नेछ छ, छैन? सो सम्बन्धी निज विरुद्ध कुनै प्रमाण भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा पेश गर्न हुन सर्वसाधारणको जानकारीका लागि सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham
- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४